जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए डुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २६४ • २०८३ असार २० गते मंगलवार • 14 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनकपुरधाम उपमहानगरपालिकाक १५ म् नगरसभा (आ.व. २०८३/०८४): बजेट, नीति आ यथार्थक बीचक दूरी

**मुरली मनोहर मिश्र**
**जनकपुरधाम, २९ असार**



जनकपुरधाम उपमहा नगरपालिकाक १५म् नगरसभामे आर्थिक वर्ष २०८३/०८४ लेल करिब २ अर्ब ६५ करोड रुपैयाँसँ बेसीक बजेट प्रस्तुत कयल गेल। बजेटमे विकास, सुशासन, शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार, सरसफाइ, कृषि, खेलकुद, रोजगार तथा शहरी उत्थानशीलताके प्राथमिकता देल गेल अछि ।


सिद्धान्ततः यी सकारात्मक दिशा अवश्य अछि, मुदा लोकतान्त्रिक शासन व्यवस्थामे केवल बजेट घोषणा पर्याप्त नैइ होइत अछि। बजेटक सफलता कार्यान्वयन, पारदर्शिता, उत्तरदायित्व आ नागरिक सन्तुष्टिसँ मापल जाइत अछि । १. विगतक बजेटसँ की सीखल गेल ? जनकपुरधाम उपमहानगरपालिकामे विगत किछु वर्षसँ लगभग समान प्रकृतिके प्राथमिकता दोहराइत आबि रहल अछि, जेनाकि सरसफाइ, पर्यटन, सडक, शिक्षा, स्वास्थ्य, सौन्दर्यीकरण, कृषि तथा रोजगार। मुदा नागरिकक अनुभव बतबैत अछि जे घोषणा आ धरातलक उपलब्धिमे उल्लेखनीय अन्तर रहल अछि । नगरक अधिकांश सडक वर्षामे जलमग्न भऽ जाइत अछि । नालाक नियमित सफाइ नैइ होइत अछि । सार्वजनिक स्थानसभ पर अतिक्रमण निरन्तर बढ़ि रहल अछि। धार्मिक आ सांस्कृतिक सम्पदासभक संरक्षण अपेक्षित गतिसँ नहि भऽ सकल अछि। यी प्रश्न स्वाभाविक अछि जे यदि विगतक योजनाक प्रभाव सीमित रहल, तँ एहि वर्ष परिणाम कोना बदलत ? २. आन्तरिक आयः लक्ष्य यथार्थवादी कि महत्वाकांक्षी ? उपमहानगरपालिकाले २० करोड रुपैयाँ आन्तरिक आय संकलनक लक्ष्य राखने अछि। यी स्वागतयोग्य उद्देश्य अवश्य अछि, मुदा लक्ष्यसँ बेसी महत्वपूर्ण अछि–राजस्व संकलनक नीति। कर आधार विस्तार, कर चुहावट नियन्त्रण, डिजिटल कर प्रणाली, सम्पत्ति अभिलेख अद्यावधिक, व्यवसाय दर्ता तथा करदाताक विश्वास निर्माण बिना आन्तरिक आयमे उल्लेखनीय वृद्धि कठिन अछि। यदि करदाताके सेवा सुधारल नैइ जाए, तँ कर संकलन बढाबयमे चुनौती रहत । ३. पर्यटनः नारासँ नीति धरि, जनकपुरधाम नेपालक प्रमुख धार्मिक नगरीमे सँ एक अछि। मुदा पर्यटन विकास केवल मन्दिरक प्रचारसँ नैइ होइत अछि । पर्यटक स्वच्छ सडक, व्यवस्थित यातायात, सुरक्षित पदमार्ग, स्वच्छ पोखरि, सूचना केन्द्र, सांस्कृतिक कार्यक्रम, हरियाली, प्रकाश व्यवस्था, सार्वजनिक शौचालय तथा ऐतिहासिक सम्पदाक संरक्षण सेहो चाहैत छथि । यदि जानकी मन्दिर, जानकी फूलबारी, गंगासागर, धनुषसागर, ५२ कुटी, ७२ कुण्ड, गुठी सम्पत्ति तथा मिथिला सांस्कृतिक सम्पदाके एकीकृत संरक्षण योजना नैइ बनत, तँ पर्यटनक सम्भावना अधूरा रहि जाएत ।

४. शहरी विकास कि केवल निर्माण ? बजेटमे शहरी उत्थानशीलता परियोजनाके विशेष प्राथमिकता देल गेल अछि । मुदा शहरी विकासक अर्थ केवल सडक, भवन आ ढलान निर्माण नैइ होइत अछि। दिगो नगर ओहि नगरके कहल जाइत अछि जतय, क) वर्षा जल व्यवस्थापन प्रभावकारी हो, ख) पैदल यात्रु सुरक्षित होथि, ग) साइकल मार्ग उपलब्ध होय, घ) खुला सार्वजनिक क्षेत्र सुरक्षित रहय, ङ) हरियाली बढय, च) वातावरणीय प्रभाव कम होय, छ) दिव्याङ्गमैत्री पूर्वाधार विकसित होय। यदि विकासक मापदण्ड केवल निर्माणक मात्रा रहत, तँ शहरी गुणस्तरमे अपेक्षित सुधार सम्भव नैइ होएत । ५. सुशासनः सबसँ पैघ चुनौती, नेपालक स्थानीय तहसभमे सबसँ बेसी आलोचना योजना छनोट, ठेक्का प्रक्रिया, गुणस्तर नियन्त्रण तथा बजेट खर्चक अन्तिम महिनामे अत्यधिक खर्च (असारे विकास) लेल होइत रहल अछि। जनकपुरधाम सेहो एहि आलोचनासँ अलग नैइ रहल अछि। अतः एहि वर्ष निम्न विषयमे विशेष सुधार अपेक्षित अछि–

क) सम्पूर्ण बजेट विवरण सार्वजनिक पोर्टल पर उपलब्ध कराओल जाए। ख) प्रत्येक योजनाक प्रगति मासिक रूपमा सार्वजनिक कयल जाए। ग) सामाजिक परीक्षण अनिवार्य बनाओल जाए । घ) उपभोक्ता समितिक पारदर्शी चयन होय । ङ) गुणस्तर परीक्षण स्वतन्त्र निकायसँ कराओल जाए । च) नागरिक गुनासो व्यवस्थाके प्रभावकारी बनाओल जाए । ६. जनकपुरधामक वास्तविक प्राथमिकता की होयबाक चाही ? यदि दीर्घकालीन विकास लक्ष्य अछि, तँ निम्न क्षेत्रसभमे विशेष लगानी आवश्यक अछि– क) गुठी जग्गा तथा धार्मिक सम्पदाक संरक्षण। ख) पोखरि, कुण्ड तथा जलाशय पुनर्जीवन । ग) आधुनिक फोहोर व्यवस्थापन प्रणाली। घ) भूमिगत ढल तथा वर्षा जल निकास । ङ) डिजिटल नगरपालिका सेवा । च) सार्वजनिक स्वास्थ्य केन्द्र सुदृढीकरण। ज) निजी क्षेत्रसँ साझेदारीमार्फत रोजगार सृजना ।

झ) मिथिला संस्कृति, भाषा तथा कलाक आर्थिक उपयोग । त) नगरभरिक अतिक्रमण नियन्त्रण । थ) . जलवायु परिवर्तन अनुकूल शहरी योजना । ७. नीतिगत १५ सुझाव : ७-१. पाँच वर्षक स्पष्ट शहरी मास्टर प्लान सार्वजनिक कयल जाए। ७-२. सम्पूर्ण बजेटक न्क्ष्व आधारित निगरानी प्रणाली लागू होय। ७-३. प्रत्येक वडा लेल वार्षिक कार्यसम्पादन सूचकाङ्क तय होय । ७-४. जनप्रतिनिधि तथा कर्मचारीक उत्तरदायित्व मूल्याङ्कन सार्वजनिक होय । ७-५. खुला तथ्याङ्क (Open Data) प्रणाली लागू होय । ७-६. सम्पूर्ण ठेक्का प्रक्रिया पूर्णतः डिजिटल बनाओल जाए । ७-७. सार्वजनिक सुनुवाइ नियमित कयल जाए। ७-८. नगर गौरव आयोजनासभक स्वतन्त्र प्राविधिक परीक्षण होय। ७-

बांकी पृष्ठ ४ मा ।




## जनकपुरधाम उपमहानगरले ल्यायो २.६५ अर्बको बजेट, पूर्वाधारदेखी पर्यटनसम्म उच्च प्राथमिकता


**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २९ असार**



जनकपुरधाम उपमहा नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि २ अर्ब ६५ करोड २० लाख ३२ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । सोमबार सम्पन्न उपमहा नगरपालिकाको १५औं नगरसभामा नगरप्रमुख मनोजकुमार साहले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसँगै बजेट प्रस्तुत गरेका हुन् ।

प्रस्तुत बजेटमा आन्तरिक आय वृद्धि, पूर्वाधार विकास, दिगो तथा व्यवस्थित शहरी विकास र उत्थानशीलता परियोजनालाई प्रमुख प्राथमिकतामा राखिएको छ। नगरप्रमुख साहका अनुसार बजेटले नागरिकमैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउनुका साथै आर्थिक तथा सामाजिक विकासलाई समेत गति दिने अपेक्षा गरिएको छ । बजेटका लागि नेपाल सरकारबाट ३० करोड ५९ लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान, प्रदेश सरकारबाट करिब २ करोड रुपैयाँ समानीकरण अनुदान, राजस्व बाँडफाँट, सशर्त अनुदान तथा चालु आर्थिक वर्षमा बचत हुने रकमबाट स्रोत व्यवस्थापन गरिने जनाइएको छ। साथै, उपमहानगरपालिकाले २० करोड रुपैयाँ आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य पनि निर्धारण गरेको छ। बजेटमा नगर सरसफाइ, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, रोजगारी सिर्जना, पूर्वाधार निर्माण, नगर सौन्दर्यीकरण तथा दिगो शहरी विकासका कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ । उपमहानगरपालिकाले यी कार्यक्रम मार्फत नगरको समग्र विकासलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# जलेश्वरलाई व्यवस्थित गर्न आवश्यक

बाबा जलेश्वरनाथको पवित्र तथा ऐतिहासिक नगरी तथा जलेश्वर नगरपालिका महोत्तरीको केन्द्रबिन्दु जलेश्वरलाई आधुनिक समयानुसार व्यवस्थित गर्न आवश्यक रहेको देखिन्छ । जलेश्वरलाई व्यवस्थित गर्नको लागि जलेश्वर नाथ मन्दिरलाई व्यवस्थित तथा सुरक्षित बनाउन आवश्यक रहेको देखिन्छ । यसको लागि मन्दिरभित्र र बाहिर सिसि क्यामरा जडान गर्नुका साथै यसको मोनिटिरिंग समेत गर्न आवश्यक रहेको देखिन्छ । यस मन्दिर तथा पोखरीहरुका महिमाको बारेमा नेपाल तथा भारतको विभिन्न ठाउँहरुमा प्रचारात्मक सामाग्रीहरुको प्रयोग गरी प्रचार प्रसार गर्न आवश्यक रहेको देखिन्छ। पर्यटकलाई कम्तिमा पनि एक सप्ताहसम्म जलेश्वरमा रोकी राख्न जलेश्वरमा स्थानिय सँस्कृति झल्किने खाना भएको सुविधा समपन्न होटेल तथा बासको व्यवस्थापनमा जोड दिन आवश्यक रहेको देखिन्छ । जलेश्वर क्षेत्रका सडकहरुलाई मरम्मत सँभार गरी हाईबे तथा पर्यटक भित्रिने मार्गहरुबाट नै मन्दिर जाने बाटो तथा अन्य धार्मिक मन्दिरहरु देखाउने बोर्ड विभिन्न ठाउँहरुमा लगाउन आवश्यक रहेको देखिन्छ । श्रावण महिनालाई लक्षित गरी बाबा जलेश्वरनाथ मन्दिर परिसरलाई सजाउन तथा श्रद्धालुभक्तजनहरुलाई उल्लेख्य रुपमा सहभागि गराउन विभिन्न सँचार माध्यमहरुको प्रयोग गरी महोत्तरी तथा धनुषा जिल्लाहरुमा प्रचार प्रसार गर्न गराउन आवश्यक रहेको देखिन्छ। यस मन्दिर मा प्राचीनकालदेखि नै जनकपुरधामको बेला नजिकको दुधमती नदीबाट जल ल्याई श्रावण महिनाको सोमबार जल चढाउने परम्परा रहेकोले यसलाई महत्वका साथ व्यवस्थित गर्न आवश्यक छ । धार्मिक व्यवस्थाको साथै शिक्षा,स्वास्थ्य,अस्पताल,बिजुली,सञ्चार,व्यवसाय,उद्योग,सौन्दर्यिकरण तथा समाजिक सुधारका क्षेत्रहरुलाई समेत व्यवस्थित गर्न आवश्यक छ । महोत्तरी जिल्ला अर्थात जलेश्वरको ईतिहास विशाल रहे पनि वर्षौंको राजनीति खिचातानी तथा स्थानियको मौनताका कारण सिर्जना भएको परिवेशलाई व्यवस्थित गरी फेरी पनि जलेश्वरलाई विशाल बनाउन सरोकार बालाहरुका सक्रियतामा अघि बढ्न आवश्यक छ ।

# धनुषामा चैते धान खेती गर्ने किसानको संख्या उल्लेख्य रूपमा बढ्दै

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ असार**



धनुषा जिल्लाका विभिन्न स्थानीय तहमा पछिल्ला वर्षहरूमा चैते धान खेती गर्ने किसानको संख्या उल्लेख्य रूपमा बढ्दै गएको छ। राम्रो उत्पादन, वर्षमा तीन बाली लिन सकिने सम्भावना तथा सरकारी र विकास साझेदार संस्थाबाट बीउ, प्रविधि र तालिममा सहयोग प्राप्त हुन थालेपछि किसानहरू चैते धान खेतीतर्फ आकर्षित भएका हुन् । लक्ष्मीनियाँ गाउँपालिकाका किसान रामबाबु महतोले चैते धानबाट राम्रो उत्पादन हुने भएकाले यसको खेती विस्तार हुँदै गएको बताए ।

उनका अनुसार एक कट्ठा जमिनबाट तीनदेखि पाँच मनसम्म धान उत्पादन हुने भएकाले अन्य बालीभन्दा चैते धान बढी लाभदायक देखिएको छ । धनुषाका सुक्खाग्रस्त तथा बाढी प्रभावित वटेश्वर र जनकनन्दनी गाउँपालिकामा सङ्घीय सरकार अन्तर्गत सञ्चालित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेपछि किसानको सहभागिता उल्लेख्य रूपमा बढेको छ । किसान सुरेश यादवका अनुसार आयोजनाबाट प्राप्त सहयोगले खेतीप्रति नयाँ उत्साह थपिएको छ । विश्व बैंक तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको सहयोगमा सञ्चालन भइरहेको उक्त कार्यक्रममार्फत साना तथा न्यून आय भएका किसानलाई उन्नत जातको बीउ, आधुनिक खेती प्रविधि, सिँचाइ सामग्री तथा आवश्यक तालिम उपलब्ध गराइएको छ। स्थानीय किसान राजेश मण्डलले यस्ता सुविधाले खेतीको लागत घट्नुका साथै उत्पादन वृद्धि भएको बताए । वटेश्वर गाउँपालिकाका किसान महेन्द्र महतोका अनुसार गाउँपालिकामा मात्रै करिब १४० बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ । हर्दिनाथ-१, २ र ३ जातका बीउ ८५ प्रतिशत अनुदानमा उपलब्ध भएपछि अधिकांश किसानले चैते धान खेती सुरु गरेका छन् । किसान शिवनाथ साहले समयमा मल, बीउ र सिँचाइको सहज व्यवस्था भए मुलुकलाई धान तथा चामल उत्पादनमा आत्मनिर्भर बनाउन सकिने विश्वास व्यक्त गरे ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना समूह एकाइ धनुषाका कृषि अधिकृत शिवचन्द्र झाले कार्यक्रम सञ्चालन गरिएका दुई पालिकामा हाल करिब १५० बिघा क्षेत्रफलमा चैते धान खेती भइरहेको जानकारी दिए । उनका अनुसार किसानको उत्साहसँगै खेती विस्तार हुने क्रम अझै जारी छ । समूह एकाइ प्रमुख रविलाल शर्माले साना तथा न्यून आय भएका किसानको खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धि र बजारीकरणलाई टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताए । यसले किसानको आयआर्जन बढाउनुका साथै कृषि क्षेत्रलाई व्यावसायिक बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको उनको भनाइ छ । यता, कृषि ज्ञान केन्द्र धनुषाका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लाभर ८५० हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको छ । उक्त क्षेत्रबाट तीन हजार ३३२ मेट्रिक टन धान उत्पादन भएको छ भने प्रतिहेक्टर औसत उत्पादकत्व तीन दशमलव ९२ मेट्रिक टन पुगेको केन्द्रका प्रमुख प्रदीपकुमार यादवले जानकारी दिए । कृषि ज्ञान केन्द्रले आगामी आर्थिक वर्षमा पनि चैते धान खेतीको क्षेत्र विस्तार गर्दै उत्पादन वृद्धि गर्न आवश्यक प्राविधिक सहयोग, उन्नत बीउ तथा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# किसानलाई सहज सेवा दिने लक्ष्यसहित कष्टम हायरिङ सेन्टर सञ्चालन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ असार**



कृषिमा यान्त्रीकीकरणलाई प्रवर्द्धन गर्दै उत्पादन लागत घटाउने उद्देश्यले महोत्तरीको भंगहा नगरपालिकामा कष्टम हायरिङ सेन्टर सञ्चालनमा ल्याइएको छ । आधुनिक कृषि उपकरण भाडामा उपलब्ध गराएर किसानलाई सहज सेवा दिने लक्ष्यसहित सेन्टर स्थापना गरिएको हो ।

नेपाल सरकारको राष्ट्रिय गौरवको योजना अन्तर्गत सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई धनुषाको ५० प्रतिशत अनुदान र कृषक समूहको ५० प्रतिशत लगानीमा ५८ लाख २३ हजार रुपैयाँको लागतमा सेन्टर स्थापना गरिएको हो। सेन्टरको सञ्चालन भंगहा नगरपालिका-४ रामनगरस्थित २५ जना महिला आबद्ध रहेको पञ्चधुरा महिला कृषक समूहले गर्नेछ । समूहकी अध्यक्ष पुनिता कुमारी महतोका अनुसार सेन्टरबाट समूहका सदस्यहरूले करिब ५० बिघा खेतीयोग्य जमिनमा आधुनिक उपकरणमार्फत खेती गर्न सक्नेछन् । साथै, भंगहा नगरपालिकाका अन्य किसानलाई समेत सहुलियत दरमा कृषि उपकरण उपलब्ध गराइनेछ ।

वडाध्यक्ष गणेश कुमार महतोले कष्टम हायरिङ सेन्टरबाट सयौं बिघा जमिनमा आधुनिक प्रविधिबाट खेती गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनका अनुसार यसले खेतीपातीलाई समयमै सम्पन्न गर्न र उत्पादन वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । परियोजनाका कृषि अधिकृत राकेश कुमार यादवले ग्रामीण क्षेत्रमा कृषि मजदुरको अभाव र वैदेशिक रोजगारीका कारण खेतीपाती प्रभावित भइरहेका बेला यस्ता कृषि उपकरणले किसानको समय, श्रम र उत्पादन लागत उल्लेखनीय रूपमा घटाउने बताए । परियोजनाका प्रमुख रामसोगारथ साहका अनुसार सेन्टरमा दुईवटा ट्र्याक्टर, दुई थ्रेसर, दुई रोटाभेटर, दुई रिपर, ट्र्याक्टरबाट सञ्चालन हुने दुई चाफ कटर, एक लेभलर, दुई कल्टिभेटर र एक टिलर उपलब्ध छन् । आवश्यकता अनुसार किसानले यी उपकरण भाडामा लिएर प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ । उद्घाटन कार्यक्रममा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. सजय कुमार यादवले कृषि क्षेत्रको आधुनिकीकरणका लागि कष्टम हायरिङ सेन्टर प्रभावकारी माध्यम भएको बताए ।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: पिछडेको साथी मिल्ने
मिथून: मनमा पछुतो आउने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: मित्रतामा फाटो आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: लामो यात्राको योग छ
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# किन गुम्दै छ परीक्षाको विश्वसनीयता ?



-विद्यार्थीले परीक्षामा प्राप्त गरेको ग्रेडमा मात्रै टिकेको हुँदैन- परीक्षाको वैधता र विश्वसनीयता । जब विद्यार्थीले पाएको ग्रेडले उसको वास्तविक सिकाइ बोकेको हुन्छ, तब मात्रै परीक्षाको परिणामको वैधता र विश्वसनीयता बढ्छ । परीक्षाको वैधता र विश्वसनीयता समाजको विश्वासमा पनि टिकेको हुन्छ । समाजले कुनै बोर्डको प्रमाणपत्रलाई उच्च मूल्य र कुनै बोर्डको प्रमाणपत्रलाई न्यून मूल्य दिएको पाइन्छ । हरेक परीक्षाले सार्वजनिक विश्वास आर्जन गर्न सक्नुपर्छ । सार्वजनिक विश्वास आर्जन गर्न नसक्ने परीक्षाको विश्वसनीयता, निष्पक्षता र गुणस्तरमा जहिल्यै प्रश्न उठिरहन्छ । त्यस्ता परीक्षाले दिने प्रमाणपत्रलाई विश्वविद्यालय र रोजगारदाताले समेत विश्वसनीय मान्दैनन् । वैधता र विश्वसनीयता गुमाएको परीक्षाको नतिजाले समाजको शिक्षाप्रतिको भरोसालाई समेत प्रभाव पार्छ ।

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा प्रकाशन गरेपश्चात् नतिजालाई लिएर विद्यार्थीले असन्तुष्टि प्रकट गरिरहेका छन् । उत्तरपुस्तिका परीक्षणमा लापरबाही भएको, पुनरावलोकन प्रक्रिया पारदर्शी नभएको भन्दै विद्यार्थीले सडकदेखि सामाजिक सञ्जालसम्मै आवाज उठाइरहेका छन् । माइतीघर मण्डलामा भएको प्रदर्शन र उत्तरपुस्तिका पुनःपरीक्षणको मागलाई केवल असन्तुष्ट विद्यार्थीको प्रतिक्रिया मात्रै भनेर बुझियो भने घातक हुन्छ । विद्यार्थीको अहिलेको आवाजले राष्ट्रिय परीक्षा बोर्डप्रतिको सार्वजनिक विश्वास कमजोर हुँदै गएको संकेत गरेको छ । यो देशका लागि निकै सोचनीय विषय हो । किनकि यसले राष्ट्रिय परीक्षा बोर्डको विश्वसनीयता घटाउँछ, प्रमाणपत्रको वैधतामा प्रश्न खडा गर्छ । र, अन्त्यमा हाम्रो समग्र शिक्षा प्रणालीमाथि नै बाह्य जगत्को विश्वास गुम्न सक्छ । शिक्षा तथा खेलकुद मन्त्रालयले यस वर्षको माध्यमिक तहको परीक्षाको नतिजा र परीक्षण दुवैमा उल्लेखनीय सुधार भएको जनाएको छ । परीक्षकलाई जिम्मेवार बनाएको कारण ग्रेडको प्रतिशत बढेको, छिटो नतिजा प्रकाशन गर्न सकिएको र इमानदारीपूर्वक उत्तरपुस्तिका परीक्षण गरिएको पनि मन्त्रालयले जनाएको छ । मन्त्रालयको भनाइ आफ्नो ठाउँमा सही होला ।

यस आलेखमा यो विषयमा प्रश्न उठान गर्न खोजिएको होइन । प्रश्न हो- विद्यार्थीको सिकाइलाई वैध र विश्वसनीय तरिकाले परीक्षण गरिएको छ कि छैन ? यो प्रश्न राष्ट्रिय परीक्षा बोर्डसँग मात्रै सम्बन्धित छैन। यसको सम्बन्ध आन्तरिक मूल्यांकन गर्ने शिक्षक र समग्र मूल्यांकन प्रणालीसँग पनि छ। त्यसैले सडक र सामाजिक सञ्जालमा उठेको यो बहसलाई फगत केही दिनको असन्तुष्टिका रूपमा मात्रै नहेरी परीक्षा र मूल्यांकनलाई रूपान्तरण गर्ने अवसरका रूपमा पनि हेरिनुपर्छ ।

प्रश्न हो- विद्यार्थीको सिकाइलाई वैध र विश्वसनीय तरिकाले परीक्षण गरिएको छ कि छैन ? यो प्रश्न राष्ट्रिय परीक्षा बोर्डसँग मात्रै सम्बन्धित छैन। यसको सम्बन्ध आन्तरिक मूल्यांकन गर्ने शिक्षक र समग्र मूल्यांकन प्रणालीसँग पनि छ । हाम्रो सन्दर्भमा परीक्षा विद्यार्थीलाई श्रेणीकरण गर्ने र कक्षा चढाउने विषयसँग मात्रै जोडियो । विद्यार्थीको सिकाइसँग जोडिएन । विद्यार्थीले वर्षैभरि निर्माण गरेको ज्ञान र सिकेको सीपको परीक्षण तीन-घण्टे परीक्षा (तीनघण्टे परीक्षालाई रूपक अलंकारका रूपमा प्रयोग गरिएको छ) ले मापन गरियो भने त्यो विद्यार्थीका लागि न्यायसंगत हुँदैन । उनीहरूले वर्षभरि निर्माण गरेको ज्ञान र सिकेको सीपलाई सिकाइका धेरै प्रमाणद्वारा पुष्टि गर्नुपर्छ । त्यसका लागि परीक्षालगायत खोज कार्य, प्रयोगात्मक कार्य, परियोजना कार्य, प्रस्तुति, कार्यसञ्चयिका, विद्यार्थीको सिकाइमा सहभागिता, उपस्थिति, प्रतिबिम्बन जस्ता मूल्यांकनका साधनको प्रयोग गरिनुपर्छ। तब मात्रै विद्यार्थीको वास्तविक सिकाइ मापन गर्न सकिन्छ । तोकिएको समयमा परीक्षा मात्रै लिएर विद्यार्थीको मूल्यांकन गरी सिकाइको ग्रेडिङ गरियो भने त्यसले विद्यार्थीको वास्तविक सिकाइ प्रतिबिम्बन गर्दैन । विद्यार्थीको वास्तविक सिकाइ प्रतिबिम्बन नगर्ने सिकाइको नतिजा वैध र विश्वसनीय हुँदैन ।

हाम्रो राष्ट्रिय परीक्षाको मूल्यांकन तीनघण्टे परीक्षामा अत्यधिक निर्भर छ । विद्यालयलाई केही प्रतिशतमा आन्तरिक मूल्यांकन गर्ने छुट पनि दिइएको छ। समस्या बाह्य परीक्षा र आन्तरिक मूल्यांकन दुवैमा उत्तिकै छ । आन्तरिक मूल्यांकनको वैधता र विश्वसनीयतामा प्रश्न गर्ने ठाउँ प्रशस्तै छ । प्रायः सबै विद्यालयले ८० प्रतिशतभन्दा बढी नै अंक दिएको पाइन्छ। आन्तरिक मूल्यांकन र बाह्य मूल्यांकनबीच ग्रेडको फरक पत्याइनसक्नुको हुन्छ। विद्यालयबीच आन्तरिक मूल्यांकनमा उल्लेखनीय असमानता देखिन्छ । अधिकांश विद्यालयले आन्तरिक मूल्यांकनमा उदारता देखाएका हुन्छन् भने केही अपवादका विद्यालयले कडाइ गरेको पनि पाइन्छ। यसले समान सिकाइ स्तर भएका दुई विद्यार्थीले विद्यालय फरक भएकै आधारमा फरक ग्रेड प्राप्त गर्ने अवस्था सिर्जना भएको छ । हाम्रो राष्ट्रिय र स्थानीयस्तरको परीक्षामा उत्तरपुस्तिका परीक्षण रुब्रिक्सका आधारमा नभई परीक्षकको अनुभव र व्यक्तिगत बुझाइका आधारमा गरिन्छ । मार्किङ स्किम बनाइए पनि त्यसअनुसार परीक्षण गरिँदैन। यसरी उत्तरपुस्तिका परीक्षण गर्दा एउटै उत्तरलाई फरक परीक्षकले फरक अंक दिने सम्भावना स्वाभाविक बढ्छ । विद्यार्थीको लेखाइले भन्दा परीक्षकको बुझाइले ग्रेड निर्धारण हुन्छ । उत्तरपुस्तिका परीक्षण विशिष्ट पेसागत दक्षता आवश्यक पर्ने कार्य हो । उत्तरपुस्तिका परीक्षण गर्न परीक्षकको विषयगत ज्ञान आवश्यक हुन्छ, तर पर्याप्त हुँदैन। परीक्षणका मापदण्डको समान बुझाइ, उत्तर विश्लेषण गर्ने क्षमता, अंक वितरणमा एकरूपता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

उत्तरपुस्तिका परीक्षण सामान जोखेजस्तो वा वस्तु नापेजस्तो ठ्याक्कै जोख्न र नाप्न त सकिँदैन, तर मापनको फराकिलोपन कम गर्न सकिन्छ । त्यसैले यस्तो कार्यका लागि तालिम र प्रमाणीकरण आवश्यक हुन्छ। परीक्षाको नतिजा प्रकाशनपश्चात् परीक्षार्थीलाई नतिजा चित्त नबुझे पुनरावलोकनको मौका दिइन्छ । पुनरावलोकन प्रक्रियाप्रति पनि परीक्षार्थीको व्यापक असन्तुष्टि देखिन्छ । धेरै विद्यार्थीको बुझाइमा पुनरावलोकनले मुख्यतः अंक गणना वा प्राविधिक त्रुटि मात्रै जाँच्ने काम गरेको हुन्छ । अहिलेको पुनरावलोकनको नतिजा हेर्दा प्रशस्त त्रुटि देखिन्छ र यसले परीक्षणमा हेलचेक्र्याइँ भएको पुष्टि पनि हुन्छ। पुनरावलोकनका लागि शुल्क लाग्ने हुनाले सबै पुनरावलोकन गर्न चाहने विद्यार्थीको पहुँच नहुन सक्छ । पुनरावलोकन गर्दा शुल्क लाग्ने नियम संसारैभर छ, तर पुनरावलोकन गर्दा ग्रेड परिवर्तन भयो भने शुल्क फिर्ता गरिन्छ । हाम्रोमा भने त्यस्तो नियम छैन। परीक्षकको गल्तीको सजाय विद्यार्थीले भोग्नुपर्ने अवस्था छ। यदि पुनरावलोकन गर्दा ग्रेड परिवर्तन भयो भने त्यसको क्षतिपूर्ति परीक्षकबाट भराउने नियम बनाउन सकिए त्रुटि कम गर्न सकिन्छ । अहिले हामीले दिएको परीक्षणबापतको भुक्तानी निकै कम छ । यसलाई बढाउनुपर्छ । एउटा परीक्षकले आठ घण्टामा कति उत्तरपुस्तिका परीक्षण गर्न सक्छ ? त्यो निर्धारण गरौं र सोही अनुसार भुक्तानीको व्यवस्था गरौं। अहिलेको ज्यालाले त चिया, खाजा र यातायात खर्च पनि उठ्दैन । अनि कसरी गुणस्तरीय परीक्षणको आशा गर्न सकिन्छ ? आन्तरिक मूल्यांकनको अभ्यास अरू देश र अन्य शैक्षिक कार्यक्रममा पनि छ । आन्तरिक मूल्यांकनलाई हाम्रोमा जस्तो बिना मोडरेसन स्वीकार गरिन्न। आन्तरिक मूल्यांकनको नमुना मोडरेसन गर्दा विद्यालयले प्रदान गरेको ग्रेडभन्दा बढी आयो भने सबै विद्यार्थीको ग्रेड वृद्धि गरिन्छ, कम आयो भने सबैको ग्रेड घटाइन्छ । आन्तरिक मूल्यांकनमा देखाइएको उदारता वा कठोरतालाई समायोजन गरिन्छ । मूल्यांकनमा अब मोडरेसन र परीक्षक प्रमाणीकरण सुरु गर्न ढिला गर्नु हुँदैन। यसले परीक्षाको नतिजालाई विश्वसनीय र वैध बनाउन मद्दत गर्छ। आन्तरिक मूल्यांकनको मोडरेसन र बाह्य परीक्षाको उत्तरपुस्तिका प्रमाणीकरण गरिएका परीक्षकद्वारा परीक्षण नै अहिले विद्यार्थीले उठाएको आवाजको सम्बोधन गर्ने एउटा बाटो हो ।

*सांभार : कान्तिपुर ।*

# महोत्तरीमा धान रोपाइँको काम निकै सुस्त

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ असार**



महोत्तरी जिल्लामा यस वर्षको मनसुन अपेक्षाअनुसार सक्रिय हुन नसक्दा धान रोपाइँको काम निकै सुस्त देखिएको छ। कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार असार २६ गतेसम्म जिल्लामा कुल अनुमानित ४० हजार हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये १० हजार १ सय ५८ हेक्टर अर्थात् २५.३९ प्रतिशत क्षेत्रमा मात्रै धान रोपाइँ सम्पन्न भएको छ ।

अझै २९ हजार ८ सय ४२ हेक्टर (७४.६१ प्रतिशत) क्षेत्रमा रोपाइँ हुन बाँकी रहेको छ । कृषि ज्ञान केन्द्र महोत्तरीले कृषि विकास निर्देशनालय धनुषालाई पठाएको प्रगति विवरणअनुसार जिल्लाका अधिकांश स्थानीय तहमा पर्याप्त वर्षा नहुँदा किसानले रोपाइँलाई तीव्रता दिन सकेका छैनन्। कतिपय स्थानमा सिँचाइको सुविधा भएका क्षेत्रमा मात्रै रोपाइँ अघि बढेको छ भने वर्षामा निर्भर किसान अझै आकाशतर्फ हेरेर बस्न बाध्य छन् ।

तथ्यांकअनुसार सबैभन्दा बढी प्रगति बलवा नगरपालिका र औरही नगरपालिकामा भएको छ । यी दुवै स्थानीय तहमा अनुमानित क्षेत्रफलको ५० प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ। बलवामा ३ हजार ४ सय १५ हेक्टरमध्ये १ हजार ७ सय ७.५ हेक्टर तथा औरहीमा २ हजार ३ सय ५० हेक्टरमध्ये १ हजार १ सय ७५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । त्यसैगरी, महोत्तरी गाउँपालिकामा ४५ प्रतिशत, सम्सी गाउँपालिका र गौशाला नगरपालिकामा ३५-३५ प्रतिशत, लोहारपट्टी नगरपालिका र सोनमा गाउँपालिकामा २५-२५ प्रतिशत तथा बर्दिवास नगरपालिकामा २२ प्रतिशत क्षेत्रमा धान रोपिएको छ । यस्तै, रामगोपालपुर नगरपालिका र भंगहा नगरपालिकामा २०-२० प्रतिशत, पिपरा गाउँपालिकामा १२ प्रतिशत, जलेश्वर नगरपालिका तथा एकडारा गाउँपालिकामा १०-१० प्रतिशत र मटिहानी नगरपालिकामा सबैभन्दा कम ८ प्रतिशत तथा मनरा शिसवा नगरपालिकामा ५ प्रतिशत क्षेत्रमा मात्रै धान रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्रको विवरणमा उल्लेख छ। कृषि ज्ञान केन्द्र महोत्तरीका निमित्त प्रमुख देवानन्द राय यादवले यस वर्ष मनसुन ढिलो सक्रिय भएका कारण रोपाइँ प्रभावित भएको बताए । उनका अनुसार पर्याप्त वर्षा नहुँदा अधिकांश किसानले बीउ उम्रिसके पनि खेतमा पानी नहुँदा रोप्न नसकेको अवस्था छ । उनले भने, 'अहिलेसम्म जिल्लामा करिब एक चौथाइ क्षेत्रमा मात्रै धान रोपाइँ भएको छ। अब लगातार वर्षा भएमा किसानले छोटो समयमै बाँकी क्षेत्रमा पनि रोपाइँ सम्पन्न गर्न सक्ने अवस्था छ । तर, वर्षा अझै ढिलो भए उत्पादनमा समेत असर पर्ने जोखिम बढ्छ ।' रायका अनुसार सिँचाइ सुविधा पुगेका क्षेत्रका किसानले मोटर तथा बोरिङमार्फत पानी तानेर रोपाइँ गरिरहेका भए पनि अधिकांश खेती वर्षामा निर्भर रहेकाले प्राकृतिक वर्षाको विकल्प सहज छैन ।

कृषि विज्ञहरूका अनुसार असार महिनाभित्र धान रोपाइँ सम्पन्न हुन नसके उत्पादनमा प्रत्यक्ष असर पर्ने सम्भावना रहन्छ। ढिलो रोपिएको धानको वृद्धि अवधि छोटिने, रोग कीराको प्रकोप बढ्ने तथा उत्पादन घट्ने जोखिम रहने उनीहरूको भनाइ छ ।

*जनकपुरधाम उपमहानगरपालिकाक १५......*

९. धार्मिक पर्यटन विकास प्राधिकरण गठन पर पहल होय। ७-१०. हरित जनकपुर अभियान सञ्चालन होय । ७-११. युवा उद्यम कोष स्थापना होय । ७-१२. महिला स्वरोजगार कार्यक्रम विस्तार होय । ७-१३. नगर अनुसन्धान तथा नीति अध्ययन केन्द्र स्थापना होय । ७-१४. नागरिक समाज, विश्वविद्यालय तथा विशेषज्ञसभके नीति निर्माणमे सहभागी बनाओल जाए ।
७-१५. प्रत्येक वर्ष बजेट उपलब्धिक स्वतन्त्र मूल्याङ्कन प्रतिवेदन सार्वजनिक कयल जाए। ८. अन्तिम-निष्कर्ष : १५म् नगरसभासँ प्रस्तुत बजेट जनकपुरधाम लेल एकटा महत्वपूर्ण अवसर अवश्य प्रदान करैत अछि। मुदा विकासक वास्तविक परीक्षा बजेट पारित होएब नैइ, बल्कि समय पर गुणस्तरीय कार्य सम्पन्न होएब, सार्वजनिक धनक सदुपयोग, पारदर्शिता, सांस्कृतिक सम्पदाक संरक्षण तथा नागरिक जीवनमे प्रत्यक्ष सुधारसँ होयत ।
यदि घोषणा व्यवहारमे बदलैत अछि, तँ जनकपुरधाम वास्तवमे धार्मिक राजधानीक संग-संग सुशासित, स्वच्छ, समावेशी आ दिगो आधुनिक नगरक रूपमे स्थापित भऽ सकैत अछि। अन्यथा यी बजेट सेहो विगतक बजेटसभ जकाँ कागजक सफलतामे सीमित रहि जाएत ।
लोकतन्त्रमे बजेट सरकारक दस्तावेज मात्र नैइ, नागरिकसभसँ कयल गेल सार्वजनिक वचन होइत अछि। एहि वचनक विश्वसनीयता आब कार्यान्वयन पर निर्भर करैत अछि, ।


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday